चुरे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घरखेडा, कैलाली

प. सं. २०८०।०८१

**विषय : जीवजन्तु तथा जीवजन्तुजन्य पदार्थ निकासी गर्ने कार्य ठेक्कामा दिने सम्वन्धि बोलपत्र आह्वानको सूचना ।**

ठेक्का नं.: CRM/SQ/OS/03/080/081

प्रथम पटक प्रकाशित मितिः २०८०/०४/१६

यस चुरे गाउँपालिका क्षेत्र भित्रका कुनै व्यक्ति वा संस्थाले प्रचलित कानुन बमोजिम निषेधित मालसामान बाहेकका अन्य प्राकृतिक बस्तु व्यवसायिक प्रयोजनका लागि निमासी गरे वापत स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रतिच्छेद ९ को दफा ६१ बमोजिम पुन प्रयोग हुने समानमा लाग्ने कर संकलन गर्न आ. व. २०८०।०८१ का लागि यस चुरे गाउँपालिकाबाट तोकिएको दररेट बमोजिम कर संकलन गर्न चाहने इच्छुक फर्म वा संघ संस्थाहरुको जानकारीका लागि यो १५ दिने बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलका शर्तहरु :

1. न्यूनतम ठेक्का अंक रु २०००००।०० (अक्षरुपी दुइ लाख मात्र) मु. अ. कर र अन्य कर बाहेक कायम गरिएको छ ।
2. ठेक्काको अवधि मिति २०८० भाद्र १ गते देखि २०८३ असाढ मसान्त सम्म कायम गरिने छ ।
3. दोश्रो बर्ष १० प्रतिशत र तेश्रो बर्ष १५ प्रतिशतका दरले ठेक्का कवोल गरेको अंकमा वृद्धि हुँदै जानेछ ।
4. तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गइ कर संकलन गर्न पाइने छैन तोकिएको सिमाभन्दा बाहिर गइ कर असुली गरएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्ध गर्न सक्नेछ ।
5. वोल पत्र खरिद गर्न इच्छुक फर्म वा कम्पनीहरुले वोलपत्र खरिद वापतको रकम यस गाउँपालिकाको लक्ष्मी सनराइज बैंक लिमिटेड चुरे शाखाको आन्तरिक राजश्व खाता नं ०८२०५२९९६३७०३००६ मा नगद रु ३०००।०० जम्मा गरेको सक्कल भौचर वा कार्यालयमा नगद दाखिला गरेको रसिद सहित फर्मको इजाजत पत्र मु अ क दर्ता प्रमाण पत्र आ. व. ०७९।८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गर्नु पर्ने छ ।उक्त खरिद कार्य मिति २०८०।०४।३० गते कार्यालय समय भित्र गरि सक्नु पर्ने छ ।
6. प्रस्ताव मिति २०८०/०४/३१ गतेका दिन दिनको १२ बजे सम्म पेश गरिसक्नु पर्नेछ । वोलपत्र मिति २०८०।०४।३१ गतेका दिनको २ बजे खोलिने हुँदा सो समयमा बोलपत्र दाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि बोलमत्र खोल्न बाधा पर्नेछैन ।
7. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ ।
8. बोलपत्र दर्ता गर्दा बोलपत्र वालाले आफुले कवोल गरेको ठेक्का अंकको ५% ले हुन आउने रकम चुरे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको नाममा रहेको लक्ष्मी सनराइज बैंक लिमिटेड चुरे शाखाको धरौटी खाता नं ०८२०५२९९६३७०३००३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको ९० दिन म्याद भएको क वर्गको बाणिज्य बैंकहरुको बैंकको जमानत पत्र विडवण्ड पेश गर्नु पर्नेछ । म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
9. बोलपत्र दाताहरुले कबोल गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षर लाइ मान्यता दिइनेछ ।
10. बोलपत्र फारमको प्रत्येक पानामा फर्मको छाप र आधिकारीक ब्यक्तिको हस्ताक्ष र भएको हुन पनेछ ।
11. बोलपत्र स्वीकृती भएको जानकारी पाएको ७ (सात) दिन भित्र प्रस्ताव दाताले पहिलो वापत बापत ४०% ले हुन आउने रकम मू.अ.कर सहितको रकम लक्ष्मी सनराइज बैंक लिमिटेड चुरे शाखामा रहेको आन्तरिक राजश्व खाता नं ०८२०५२९९६३७०३००६ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ । दोश्रो र तेश्रो किस्ता क्रमश: चालु आ.ब.को फाल्गुन मसान्त र असार मसान्त भित्र क्रमश ३०।३० प्रतिशतले हुन आउने रकम मू.अ.कर सहित दाखिला गरी सक्कलै बैंक भौचर पेश गर्नु पनेछ । साथै सझौता अङ्क को ७५% ले हुने रकम र सोको मु.अ.कर सहितको रकम नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस गाउँकार्यपालिकाको कार्यालयको नाममा सम्झौता मितिबाट सम्झौता अवधि सकिनु भन्दा कम्तीमा दुई महिना बढी म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) संझौताको समयमा पेश गर्नु पर्नेछ ।
12. बोलपत्रको बोल कबोल रकम एकमुष्ठ नगद बुझाएमा ठेक्का अंकको ५% ले हुने रकम प्रचलित ऐन बमोजिम छुट दिन सकिनेछ।
13. कुनै कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत अस्वीकृत गर्ने अधिकार चुरे गाउँपालिकामा सुरक्षित रहनेछ ।
14. अदालतको फैसला वा नेपाल सरकार वा प्रदेश सरकारको निर्णय बेगर यस सूचना बमोजिम भएको ठेक्का संझौतामा कुनै किसिमको मिन्हा वा छुट दिईने छैन ।
15. ठेकेदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ ।
16. यस सूचनामा उल्लेखित भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
17. यो सूचना चुरे गाउँपालिकाको सूचना पाटी र वेभसाईट www.churemun.gov.np बाट समेत हेर्न सकिनेछ ।
18. अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको प्रशासन शाखाको मो नं ९८५८४८५३०३ मा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत